आज मिति २०७५/०९/२३ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको २८ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीकारीहरुको उपस्थिति रही देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री रामकृष्ण उप्रेती ........................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

## २८ औ नगर कार्यपालिका बैठक

**एजेन्डाहरु** २०७५/०९/२३

१) नगरपालिका स्थापना दिवस मनाउनका लागि कार्यविभाजन सम्बन्धमा
२) चौथो नगर सभामा पेश गर्ने ऐन, कानुन सम्बन्धमा
३) नगर खेलकुद समिति गठन सम्बन्धमा
४) बारुणयन्त्र संचालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन सम्बन्धमा
५) निजि जमिनवाट ढुङ्गा, गिट्टी, वालुवा विक्रीमा कर निर्धारण सम्बन्धमा
६) सातदोवाटो चरिघ्याङ सडक मर्मत सम्वन्धमा
७) डिही वादी सडक सम्बन्धमा
८) मानेडाँडा देखि ने. का. पार्टी कार्यालय सम्मको सडकमा ह्युमपाइप राख्ने सम्बन्धमा
९) शैक्षिणिक सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम सम्बन्धमा
१०) युवा क्लव गठन सम्बन्धमा
११) बाल संजाल गठन सम्बन्धमा
१२) धरौटी सदर स्याहाका लागि सूचना प्रकाशन सम्बन्धमा
१३) ग्रामिण सडक संजाल सुधार आयोजना (Rural Connectivity improvement Project –RCIP) अन्तर्गत सडक छनौट गरी आयोजना समन्वय इकाई (PCU) मा पठाउने सम्वन्धमा
१५) एकिकृत वस्तीका लागि रकम विभाजन सम्वन्धमा
१६) विविध
क) गौरीशंकर बहुमुखी क्याम्पसद्वारा शैक्षिक गुणस्तर अभिबृद्धीका लागि अध्ययन भ्रमणमा भएको खर्च भुक्तानी सम्वन्धमा
ख) भटमासे जिलु सडकको स्तरोन्नतिका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने सम्वन्धमा
ग) आर्थिक सहयोग सम्वन्धमा
घ) कोशिस नेपाललाई आर्थिक सहयोग सम्वन्धमा
ङ) भुक्तानी दिने सम्वन्धमा
च) ज्यालादारीमा काम लगाउने सम्वन्धमा

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको स्थापना दिन मिति २०७५ साल माघ ११ गतेलाई नगरपालिका स्थापना दिवसको रुपमा मनाउन तपसिल बमोजिमको संयोजक र सदस्यहरु रहने गरी निम्न समितिहरु गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

**क) झाँकी व्यवस्थापन समिति**

श्री नविन कुमार लामा ......वडा अध्यक्ष, वडा नं. ६..........संयोजक
श्री विर बहादुर थामी.........वडा अध्यक्ष, वडा नं. १............सदस्य
श्री नकुल के.सी................वडा अध्यक्ष, वडा नं. ८..........सदस्य
श्री हरिशरण शिवाकोटी .....वडा अध्यक्ष, वडा नं. ३...........सदस्य
श्री कृष्ण बहादुर कार्की.......कार्यक्रम अधिकृत..................सदस्य सचिव

**ख) मञ्च व्यवस्थापन समिति**

श्री हरिवंश चौलागाँई .......वडा अध्यक्ष, वडा नं. ४.......संयोजक
श्री विराजमान श्रेष्ठ..........वडा अध्यक्ष, वडा नं २.........सदस्य
श्री रुपा भुजेल ...............कार्यपालिका सदस्य..............सदस्य
श्री सुमन सुनाम ............कार्यपालिका सदस्य..............सदस्य
श्री ज्ञानु कुमार खड्का......आ.ले.प. अधिकृत................सदस्य सचिव

**ग) अतिथि सत्कार समिति**

श्री कमला बस्नेत ...........उपप्रमुख................. .संयोजक
श्री  रुपा भुजेल ..............कार्यपालिका सदस्य.....सदस्य
श्री किरण वली................कार्यपालिका सदस्य.....सदस्य
श्री दिपक धनुके...............कार्यपालिका सदस्य.....सदस्य
श्री सुजन सुवेदी..............लेखा अधिकृत ..........सदस्य सचिव

**घ) स्वयम् सेवक परिचालन समिति**

श्री रामचन्द्र बस्नेत ........वडा अध्यक्ष, वडा नं. ५.........संयोजक
श्री विर बहादुर थामी.......वडा अध्यक्ष, वडा नं १...........सदस्य
श्री तेज खाती ...............न्यायिक समिति, सदस्य..........सदस्य
श्री किरण वली ..............कार्यपालिका सदस्य............ .सदस्य
श्री नारायण सेढाई .........बरिष्ठ कार्यक्रम अधिकृत....     सदस्य सचिव

**ङ) सम्मान पुरस्कार व्यवस्थापन समिति**

श्री कमला बस्नेत ....उपप्रमुख.........................संयोजक
श्री गौरी थामी..........कार्यपालिका सदस्य...........सदस्य
श्री जमुना श्रेष्ठ........कार्यपालिका सदस्य............सदस्य
श्री हरिकृष्ण बस्नेत....नगर सभा सदस्य..............सदस्य
श्री राम कृष्ण उप्रेती ..प्रमुख प्रशासकीय अधिकृत..सदस्य सचिव

**च) खेलकुद व्यवस्थापन समिति**
नगर खेलकुद समितिलाई नै खेलकुद व्यवस्थापनको जिम्मेवारी दिने ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथी छलफल गर्दा मिति २०७५ साल पौष ३० गते हुने चौथो नगर सभामा तपसिल बमोजिमका ऐन, कानुनको मस्यौदा तयार गरी पेश गर्ने निर्णय गरियो ।

**तपसिल**
क) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५
ख) भाषा, संस्कृति र ललितकला तथा प्राचिन स्मारक संरक्षण विधेयक, २०७५
ग) यातायात सञ्चालन विधेयक, २०७५
घ) नगरपीलकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५
ङ) आधारभुत स्वास्थ्य विधेयक, २०७५
च) सञ्चार व्यवस्थापन तथा सञ्चालन विधेयक, २०७५

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगर क्षेत्रमा खेलकुदका गतिविधिहरुलाई सञ्चालन तथा व्यवस्थापन गर्न तपसिल बमोजिमको नगर खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**
श्री हरिवंश चौलागाँई .वडा अध्यक्ष........संयोजक
श्री बासु थापा ...........भी.न.पा. ७........सदस्य
श्री बलराम थापा .......भी.न.पा. ६........सदस्य
श्री गुणराज सुवेदी .....भी.न.पा.२ .........सदस्य
श्री देवकृष्ण थापा ... .भी.न.पा. ६.........सदस्य
श्री देवराज न्यौपान... .भी.न.पा. ६.........सदस्य
श्री हिमाल श्रेष्ठ.........भी.न.पा. ९.........सदस्य
श्री बिमल शाही ........भी.न.पा. ३.........सदस्य
श्री दिपक थापा......... भी.न.पा.६ ........सदस्य
श्री शक्ति थामी ........भी.न.पा. १.........सदस्य
श्री विष्णु भुजेल...... ..भी.न.पा. ८........सदस्य
श्री विक्रम मल्ल.........भी.न.पा. २........सदस्य
श्री अनमोल बस्नेत ....भी.न.पा. ४........सदस्य
श्री सुभाष बस्नेत.......भी.न.पा. ५........सदस्य
श्री विनोद तमाङ ......भी.न.पा. ७........सदस्य
श्री अर्जुन चौलागाँई ..भी.न.पा. ४........सदस्य
श्री दिपेन गौतम.......भी.न.पा. ६.........सदस्य
श्री रामहरी सुवेदी ....भी.न.पा. ५........सदस्य
श्री सरोज बस्नेत.......भी.न.पा. ५.......सदस्य
श्री रविजंग बस्नेत ....भी.न.पा. ५.......सदस्य
श्री सदिप श्रेष्ठ .........भी.न.पा. ३.......सदस्य

श्रीसिताराम घिमिरे भी.न.पा. ६.......सदस्य
श्री थिर बहादुर खड्क...भी.न.पा. ६.......सदस्य
श्री सम्राट मानन्धर.......भी.न.पा. ६......सदस्य
श्री निराजन थापा .......भी.न.पा. ३.......सदस्य
श्री राजकुमार बस्नेत.....भी.न.पा. ६.. ..सदस्य
श्री रञ्जिता भुजेल .......भी.न.पा. ९.. ..सदस्य
श्री सुष्मिता बस्नेत.......भी.न.पा. ७......सदस्य
श्री विनोद भुजेल ........भी.न.पा. ८......सदस्य
श्री दिप रेग्मी ............भी.न.पा. ८......सदस्य
श्री हरि के.सी............भी.न.पा. ३......सदस्य
श्री राजु श्रेष्ठ.............भी.न.पा. २......सदस्य
श्री भुपेन्द्र के.सी.........भी.न.पा. ५......सदस्य
शाखा प्रमुख ......शिक्षा, युवा तथा खेलकुद शाखा.......सदस्य सचिव

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा एउटा बारुण यन्त्र रहेकोमा सो बारुण यन्त्र सञ्चालनका लागि हाल सम्म कार्यरत अन्य चालकहरु र नगर प्रहरीहरुबाट व्यवस्थापन हुदै आएकोमा बारुण यन्त्रलाई व्यवस्थित रुपमा परिचालनका लागि तपसिल बमोजिमका पदहरुमा आवश्यक कर्मचारीहरु तत्काल सेवा करारमा लिई व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपसिल**

१) भारी सवारी चालक (बारुण यन्त्र) १ (एक) जना
२) फायरमेन (तेस्रो तह) १ (एक) जना
३) फायरमेन (पहिलो तह) ३ (तीन) जना

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भीमेश्वर नगर क्षेत्रभित्र व्यापारिक प्रयोजनको लागि नीजि जग्गाबाट ढुङ्गा उत्खनन् गरी बेचविखन गरेको व्यहोरा जानकारी हुन आएकोले उत्खनन् गर्दा आसपास रहेको वस्ती, विद्यालय, स्वास्थ्य संस्था, खानेपानीका मुहान, वन क्षेत्र, सार्वजनिक पूर्वाधार आदिलाई असर नपर्ने साथै भौगर्भिक, सामाजिक र वातावरणीय हिसावले उपयुक्त छ भनी सम्वन्धित वडाको वडा अध्यक्ष सहित सार्वजनिक सरोकारवाला व्यक्तिहरुको स्थलगत सर्जमिन सहित प्राविधिकको प्रतिवेदनको आधारमा ढुङ्गा, गिटी, बालुवालाई उत्खनन् स्थलबाट व्यापारिक प्रयोजनका लागि निकासी गर्दा तपसिल बमोजिम दस्तुर लिने निर्णय गरियो ।

**तपसिल**

१) ठुलो ट्रकमा प्रति ट्रिप रु ५००/-
२) मिनि ट्रकमा प्रति ट्रिप रु ३००/-
३) ट्रयाक्टरमा प्रति ट्रिप रु ३००/-

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा सातदोबाटो चरिघ्याङ सडक मर्मत सम्वन्धमा हाल लागत सहभागितामा भएको कामको फरफारक गरी बाँकी रहेको सडक विस्तार तथा मर्मत सम्वन्धमा प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालयबाट आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा डिही वादी सडक सम्वन्धमा हाल नगरस्तरीय आयोजनामा भएको कामको फरफारक गरी बाँकी रहेको सडकको स्तरोन्नती सम्वन्धमा प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालयबाट आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ६ स्थित मानेडाँडा देखि ने.का. पार्टी कार्यालयसम्मको सडक लागत सहभागितामा सञ्चालन भएकोमा उक्त सडक मर्मत गर्दा ह्युमपाईप राख्नुपर्ने अत्यन्त जरुरी भै उपभोक्ताहरुबाट माग हुन आएकोमा प्राविधिक प्रतिवेदनबाट समेत आवश्यक देखिएकोले ह्युमपाईपको लागि आवश्यक बजेट नगरपालिकाको आन्तरिक श्रोतमा थप हुने गरी आय शिर्षकबाट व्यहोर्ने गरी लागत अनुमान संशोधन गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका भित्रका सवै सामूदायिक विद्यालय माध्यमिक र आधारभुत तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, कक्षा कोठा भित्रको शिक्षण सिकाई प्रक्रियामा सुधार गर्न, सवै विद्यालयमा एक दिन कम्तिमा ५ जनाको निरिक्षण टोली (विषयगत शिक्षक सहित) गठन गरी सुपरिवेक्षण समेत गर्नु पर्ने भएकोले उक्त कार्यका लागि आवश्यक पर्ने अनुमानित रु ३,००,०००/- (अक्षेरेपी तीन लाख मात्र) यस आर्थिक वर्षको कार्यक्रममा रकम विनियोजन नभएकोले यस वर्षको लागि बालविकास र कक्षा १ देखि ५ सम्मका बालबालिकाको लागि खाजा खर्चको लागि छुट्टयाएको रु १५,००,०००/- (अक्षेरेपी पन्ध्र लाख मात्र) शैक्षिणिक परामर्श, निरिक्षण एवम् सुपरिवेक्षण कार्यका लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० माथि छलफल गर्दा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुरको युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिम प्रत्येक वडामा युवा क्लव गठन गर्नुपर्ने भएकोले उक्त कार्यविधिको परिच्छेद २ को (३) मा व्यवस्था भए अनुसारको युवा क्लव गठन सवै वडाहरुले मिति २०७५ साल माघ ७ गतेभित्र गरी यस नगर कार्यपालिकाको कार्यालय, चरिकोटमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकालाई बालमैत्री सरकारको रुपमा स्थापित गर्न गठित बालमैत्री स्थानीय शासन नगर समितिको २०७५/०९/१२ गते बसेको बैठकबाट पारित गरेको कार्ययोजनालाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकामा विगत लामो समयदेखि रही आएको धरौटी संख्यात्मक हिसावले अत्याधिक हुन गएको, समयमा नै भवन तथा अन्य निर्माण कार्य सम्पन्न गरी धरौटी फिर्ता लिन नआएको देखिएकाले मिति २०७३ साल आषाढ मसान्त सम्ममा भवन निर्माण तथा अन्य प्रयोजनको लागि राखिएको धरौटी नियमानुसार फिर्ता लैजान तथा फिर्ता नलगेको धरौटी जफत गर्नका लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ माथि छलफल गर्दा ग्रामीण सडक सञ्जाल सुधार आयोजना (Rural Connectivity Improvement Project-RCIP) अर्न्तगत यस नगरपीलिका स्थित बालगृह-महांकाल-मागापौवा सडक आयोजना (१८ कि.मी.) छनौट गरी आयोजना समन्वय इकाई (PCU) मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४ :** प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपीलिका वडा नं. १, २ र ४ मा एकिकृत वस्ती निर्माणका लागि एकमुष्ठ विनियोजित रकमलाई विभाजन गर्ने सम्वन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ : विविध**

**(क) :** यस भीमेश्वर नगरपालिकाको वडा नं. ३ स्थित गौरीशंकर बहुमुखी क्याम्पस चरिकोटको शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यक अध्ययन गर्न कार्यदल गठन गरी देशका विभिन्न उत्कृष्ट क्याम्पसमा अध्ययन गर्न पठाईएकोले उक्त भ्रमणमा जादा प्रयोग गरिएको सवारी साधनको लागि भाडा वापतको रकम रु ३०,०००/- (तीस हजार मात्र) एकमुष्ठ श्री गौरीशंकर बहुमुखी क्याम्पस, चरिकोटलाई उपलव्ध गराउने निर्णय गरियो ।

**(ख)** यस नगरपलिका वडा नं. ४ स्थित फस्मी र डिही बस्तीलाई एकिकृत बस्तीको रुपमा विकास गर्ने क्रममा हाल तिव्र रुपमा काम भईरहेको सन्दर्भमा सो बस्ती जोड्ने सडक नगरस्तरीय सडक समेत भएकोले उक्त सडकको स्तरोन्नती कार्यका लागि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौमा अनुरोध गर्ने निर्णय गरियो

**(ग) :** यस नगरपालिकामा बस्ने श्री हेम बहादुर खड्काको मानसिक सन्तुलन विग्रन गई श्री युनाईटेड भिजन फाउण्डेसन टोखा - ४, धापासी, काठमाण्डौको सुधार केन्द्रमा उपचार भईरहेकाले थप उपचार तथा व्यवस्थापन कार्यका लागि उक्त युनाईटेड भिजन फाउण्डेसनलाई सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत रु २०,०००/- (अक्षेरेपी बिस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**(घ) :** यस नगरपालिका वडा नं. १ बस्ने श्री सविना बि.क.को मानसिक सन्तुलन विग्रन गई सुधार गृहमा उपचार भईरहेकोले थप उपचार तथा व्यवस्थापन कार्यका लागि श्री कोशिस नेपाललाई सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत रु २०,०००/- (अक्षेरेपी बिस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**(ङ)** : लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रममा चिया, खाजा र विविध खर्च वापत रु २३,३३०/- (अक्षेरेपी तेईस हजार तीन सय तीस मात्र) महिलासँग उपमेयर कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

**(च)** : मेट्रिक सिष्टममा आधरित घर नम्वरिङ्ग (HH–ID) को लागि नम्वर प्लेट टाँस्ने कार्यक्रम न्याय हेल्थ नेपालको सामूदायिक स्वास्थ्य कार्यकर्तालाई सहयोग पुऱ्याउने हेतुले २ जना अमिनलाई बढीमा ३० दिनका लागि प्रति दिन रु ७००/- (अक्षेरेपी सात सय मात्र) का दरले उपलव्ध गराउने गरी  ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।